

# भिडियो प्रतियोगिताबारे सूचना

पर्यावरणीय कृषि (Agroecology), प्राङ्गारिक कृषि, प्राकृतिक वा जैविक खेती तथा कृषि जैविक विविधता संरक्षण लगायतका दीगो कृषिसंग सम्वन्धित रहेर भिडियो निर्माण गर्नुहोस्।

भिडियो पठाउने अन्तिम मितिः २०७९ फागुन ५ तदनुसार फेब्रुअरी १७, २०२३

उत्कृष्ट पूरस्कारः नगद रू २०,००० तथा प्रशंसा पत्र
भिडियो तथा परिचय पत्र पठाउने माध्यमः faonepal22@gmail.com
विजेता घोषणा २०७९ फागुन ७ तदनुसार फेब्रुअरी १९, २०२३

Food and Agriculture Organization of the United Nations

थप जानकारीको लागि : एफ ए ओ नेपाल ९८०२३३०५८१

Food and Agriculture Organization of the United Nations

# भिडियो प्रतियोगिताबारे सूचना

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको संयुक्त आयोजनामा एंव संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (एफ ए ओ नेपाल) सहितका विकास साझेदार निकायसगँको सहकार्यमा दीगो तथा उत्थानसिल खाद्य प्रणालीका लागि पर्यावरणीय कृषि सम्मेलन कर्णाली प्रदेशको राजधानी सुर्खेतमा २०७९ फागुन १० देखि १२ सम्म आयोजना गरिने भएको छ ।

उक्त कार्यक्रममा पर्यावरणीय कृषि क्षेत्रका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विषय विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्दै यसका विविध आयामबारे छलफल गरिने तय भएको छ । यस सन्दर्भमा कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र एफ ए ओ नेपालले पर्यावरणीय कृषि सम्वन्धि विषयमा भिडियो प्रतियोगिता आयोजना गर्न लागेको जानकारी गराउन चाहन्छौं ।

यस विषयमा केन्द्रित रहेर आफ्नो सृजना प्रस्तुत गर्दै भिडियो बनाउनु हुन सबै ईच्छुक महानुभावहरुमा अनुरोध गर्दछौं ।



## भिडियो उत्पादनबारे जानकारी:

- सहभागीले बढीमा ३ मिनेट सम्मको भिडियो निर्माण गर्नुपर्नेछ ।
- उक्त भिडियो पर्यावरणिय कृषि (Agroecology), प्राङ्गारिक कृषि, प्राकृतिक वा जैविक खेती तथा कृषि जैविक विविधता संरक्षण लगायतका दीगो कृषिसँग सम्वन्धित विषयमा रहि सो को महत्व झल्किने तथा उल्लेखनीय उपलब्धि एवं असल अभ्यासका विषयमा केन्द्रित रहेको हुनुपर्नेछ ।
- भिडियो छायाकंन तथा सम्पादन गर्दा नेपाली परिवेश र नेपालको बस्तुस्थिती झल्किएको हुनुपर्नेछ ।
- भिडियोको गुणस्तर अर्थात दृश्य तथा आवाज प्राविधिक हिसाबले उपयुक्त हुनुपर्नेछ ।
- सहभागीले आफ्नो भिडियो र परिचयपत्र एफ ए ओ नेपालको ईमेल faonepal22@gmail.com मा २०७९ फागुन ५ तदनुसार फेब्रुअरी १७, २०२३ सम्म आईपुग्ने गरी पठाईसक्नुपर्नेछ ।
- प्राप्त भिडियो मध्येबाट दिईएको विषयवस्तुमा स्पष्ट सन्देश दिने उत्कृष्ट एक जना सहभागीलाई बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपूरबाट नगद रु २०,०००। (अक्षरुपी: बिस हजार) र प्रशंसा पत्र प्रदान गरिने छ ।
- सो प्रतियोगिताको विजेता घोषणा २०७९ फागुन ७ तदनुसार फेब्रुअरी १९, २०२३ दिन एफ ए ओ नेपालको फेसबुक पेज तथा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको वेबपेज www.doacrop.gov.np मार्फत गरिनेछ ।



थप जानकारीको लागि : एफ ए ओ नेपाल ९८०२३३०५८१